# नवदुर्गा गाउँपालिका

## आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम

नवदुर्गा गाउँपालिका, मणिलेक, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

## नवदुर्गा गाउँपालिका गाउँसभाको २० औँ अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री लक्ष्मी प्रसाद अवस्थीज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम २०८३।०८४

**उपाध्यक्ष ज्यू, गाउँसभा सदस्यज्यू हरु लगायत अन्य उपस्थित महानुभावहरु,**

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित नेपालको संविधान बमोजिम धारा ७५ को उपधार ४ धारा २१४ को उपधारा २ धारा २२१ को उपधारा २ र धारा २२६ को उपधारा १ अनुसूची ८ बमोजिम स्थानीय तहको एकल अधिकार तथा अनुसूची तीन तहका सरकारहरुको साझा अधिकार सहितको संवैधानिक व्यवस्था अन्तरगत जनताद्वारा, जनताले र जनताका लागि भनेर उदघोष गरिने लोकतान्त्रिक व्यवस्थाको प्रबन्ध गर्न नेपालको संविधान बमोजिम स्थापित यस नवदुर्गा गाउँपालिकाको २० औँ गाउँसभाको सभाध्यक्षको हैसियतले आगामी आ व २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवशाली र जिम्मेवार ठानेको छु। यस सँगै राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, संघर्ष, त्याग र बलिदान तथा हालै मात्र भएको जेन्जि आन्दोलनमा साहदत प्राप्त गर्नु हुने सहिद प्रति उच्च सम्मान गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली स्थापनाका निम्ति आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रर्द्धाञ्जली अर्पण गर्दै इतिहासका विभिन्न कालखण्डमा कालखण्डमा राष्ट्र निर्माणका क्रममा घाईते, अपांगता भएका सम्पूर्ण देशप्रेमी व्यक्तित्वहरु, टुहुरा परिवारजन, बेपत्ता र तिनका परिवारजनहरुलाइ पुनः स्मरण गर्दै सत्य निष्पक्ष मन वचन र कर्मले सदा जनताको सेवामा सर्मपण हुने प्रेरणा मिलोस भन्ने कामना व्यक्त गर्दछु।

उपलब्ध सीमित श्रोत साधन र असीमित जनचाहाना बीच तादम्यता कायम गर्नु पर्ने चुनौती हामी समक्ष रहेका बेला मौलिक परिवेशमा उपलब्ध सीमित श्रोत साधनको आदर्श अभ्यास मार्फत जनताको सर्वोपरी हीत गर्नु हाम्रो एक मात्र अभिन्न लक्ष्यबाट नवदुर्गा सरकार कहिल्यै विमुख नहुने प्रतिवद्धता समेत यस ऐतिहासिक गाउँसभा मार्फत आम नवदुर्गा वासीमा निवेदन गर्न चाहान्छु।

नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९(स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ बमोजिम आर्थिक बर्ष २०८३।०८४ को नवदुर्गा गाउँपालिकाको नीति तथा कार्यक्रम आज यस गरिमामय गाउँसभामा पेश गरेको छु।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

**उपाध्यक्ष ज्यू सहित सभाका सदस्य ज्यूहरु,**

नेपालको संविधान, २०७२ स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु लगायत स्थानीय ऐन कानूनहरूको परिधी भित्र रहि यस गाउँपालिकाको आगामि आ व २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

**मुलभुतनीतिहरु**

- वार्षिक वजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी, दिगो विकास लक्ष्य र जलवायु अनुकुल सम्बन्धी बजेट कोड अवलम्बन गरिनेछ।
- दीगो विकासको लक्ष्य प्रति राज्यले जनाएको प्रतिवद्धता पुरा गर्न यस स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुलाई तदनुरुप स्थानीकरण सहित लक्ष्य प्राप्तिमा जोड दिइनेछ।
- विद्यमान राष्ट्रिय नीतिहरु, प्रादेशिक नीतिहरु, प्रचलित कानूनहरु र राज्यले अन्तराष्ट्रिय मञ्चमा जनाईएका प्रतिवद्धताहरु परिपुर्ति गर्ने दिशामा यस स्थानीय तहका कार्यक्रमहरुलाई केन्द्रित गरिनेछ।
- उत्पादन उत्पादकत्व वृद्धि,पूर्वाधार निर्माण, गुणस्तरिय शिक्षा, स्वास्थ्य, आत्मनिर्भर कृषि प्रविधि, खानेपानी र विद्युतमा पहुँच, मानव पूजि निर्माण र रोजगारी सिर्जना बहुआयामिक गरिबिको दरमा कमी, दिगो विकास र पर्यावरणीय सन्तुलन संघीयताको सुदृढीकरण र सुशासनलाई प्राथमिकतामा राखिनेछ।
- सेवा प्रवाहलाई सूचना तथा संचार प्रविधिसंग आवद्ध गर्दै पारदर्शी र सुशासन युक्त सेवा प्रवाहमा जोड दिइनेछ।
- गाउँपालिकामा संचालित ठुला तथा साना विकास आयोजना कार्यक्रमलाइ परिणाममुखी र यथार्थपरक बनाउन सघन अनुगमन कार्य लाई निरन्तरता दिइनेछ।
- जनताको जीवनस्तर सुधार हुने गरी उत्पादनमुलक र रोजगारी सिर्जना हुने खालका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।
- ठुला पुर्वाधार आयोजनाको गुणस्तरीयता, दिगोपना र आवश्यकताको परिपुर्तिलाई मध्यनजर गरि बिस्तृत परियोजना प्रतिवेदन प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन लगायत वहुवर्षीय आयोजनाहरु कार्यान्वयनमा लैजाने नीति अवलम्वन गरिनेछ।
- स्थानीय विकास योजनाको अवधारणा अनुरुप आवश्यक आयोजनाहरुको पहिचान, मूल्यांकन तथा प्राथमिकीकरण गरि आयोजना बैङ्क तयार पारी आफ्नो स्रोत बाट सम्पन्न गर्न सकिने, केन्द्र तथा प्रदेश सरकार मार्फत सम्पन्न हुने आयोजनाहरुको बर्गीकरण गरि आयोजना बैङ्क तयार पार्ने र क्रमशः कार्यान्वियन गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ।
- सामाजिक परिचालन मार्फत लक्षित, बिपन्न तथा सिमान्तिकृत बर्गको सशक्तिकरण, उत्थान र मुलप्रवाहीकरणमा जोड दिइनेछ।
- विकास प्रशासनमा शुसाशन प्रबर्दनका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण,नागरिक हेल्प डेस्क, गुनासो सुनुवाइ व्यवस्थापन जस्ता कार्यक्रमलाई निरन्तरता दिई पारदर्शिताको सुनिश्चितता गरिनेछ।

- कृषि क्षेत्रमा वैज्ञानिक तरिकाले जैविक मल तयार गोठ ईन्जिनियरिङ, सुधार तथा व्यवस्थापन, कृषि उपज बजारीकरण, कृषि सिकाई तथा प्रदर्शनी, हाइटेक र स्मार्ट कृर्षिका लागि सम्बद्ध सरकारी तथा गैरसरकारी संस्थाहरू सँग समन्वय गरि उच्च मुल्यका कृषि उपजहरू उत्पादन तथा बजारीकरणमा जोड दिइनेछ।
- गाउँपालिकामा रहेको न्यायिक समितीलाई मेलमिलापका माध्यमबाट विवाद समाधान गर्न न्यायिक समितिको क्षमता बिकासमा जोड दिँदै देवानी संहिता ऐनमा ब्यवस्था भएका ब्यवस्थाहरुको जानकारी एवं प्रचार प्रसार गर्दै सामाजिक अपराध रहित समाजको परिकल्पना गर्दै न्यायिक समितीको भुमिकालाई प्रभावकारी बनाएर लैजाने नीतिलाई निरन्तरता दिईनेछ।
- बढ्दो सामाजिक सञ्जालको प्रयोग सँगै हुन सक्ने साइवर अपराधका गतिविधिहरु नियन्त्रण गर्न विद्यालयबाटै विद्यार्थी, शिक्षक, किशोरकिशोरी लगायतलाई कानुनको वारेमा जानकारी गराउदै न्यायिक समिति समेतको सहकार्यमा मनोपरामर्श कार्यशाला यस आ.व. जस्तै आगामी आ.व. मा समेत निरन्तरता दिइनेछ।
- गाउँपालिकाको आर्थिक, सामाजिक विकास र समृद्धिको लागि राजनीतिक दल, करदाता, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज, निजि क्षेत्र, सहकारी क्षेत्र लगायत सम्पुर्ण जनताको सल्लाह र सुझाव लिदै विकासका लागि हातेमालोमा जोड दिइनेछ।
- सुशासन तथा पारदर्शिताका लागि सुचना प्रविधिको प्रयोग मार्फत वेबसाइट, पोर्टल र फेसवुक पेजका माध्यमबाट गाउँपालिकाका गतिबिधिको पहुँच पुर्याउन प्रविधिको विकासमा जोड दिइनेछ।

## पुर्वाधार विकास

### सडक तथा पुल पुर्वाधार

- संघ सरकार तथा प्रदेश सरकारको समन्वय एवम सहकार्यमा कोटेली-चोरा-गाउँपालिका, रडुवा-वडम-फिन्देउ-गाउँपालिका, रडुवा-बेडुपानी-दावली-घुम्ना-गाउपालिका, सिरोड-बेलापुर-गाउँपालिका, मम्मे-गिल्ला-सुवाकोट-बेलापुर, खोडानेटा-चामा-स्लेक-गाउँपालिका सडक शेरी चामा-चामा-ढुङ्गाढ, दुलैना गजेला चामा सडकमा बाह्रै महिना यातायात संचालन हुने गरि सडक मर्मत सुधार सहित सडकको स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ।
- डाडावन-घुम्ना-गाउँपालिका सडक स्तरोन्नती सहित कालोपत्रेका लागि विश्व बैङ्कको सहयोगमा सञ्चालन हुने गाउँपालिका केन्द्र जोड्ने सडकका रुपमा स्तरोन्नती गर्न आवश्यक पहल गरिनेछ।
- कोरालखोला मम्मे गिल्ला सुवाकोट बेलापुर सडक सतरोन्नती सहित तल्लीखाली तिम्ला सडक निर्माण एवम कोराखोलामा मोटरेवल पुल निर्माण गरि यातायात सेवा सुचारू गर्न संघ र प्रदेश सरकारसँग निरन्तर समन्वय र सहकार्य गर्ने निति अनुरुप कोरालखोलामा मोटरेबल पुलको निर्माण कार्य आगामि आ.व. देखि सुभारम्भ गर्न सम्बन्धीत पक्षसँग समन्वय गरिनेछ।
- हाल सम्म सडक संजालमा नजोडिएका बस्तीहरू गाजरी कुनेढुङ्गा चलकट्टे सम्म सडक विस्तारको कार्य थालनी गरिनेछ।

- स्थानीय सडकहरूको मर्मत सम्भार आफ्नै स्रोत र साधनबाट गर्ने कार्यलाई प्रोत्साहन गर्न स्थानीय मर्मत सम्भार समुह परिचालन, ठुला अवरोधहरू हटाउन तथा सडक सुचारू गर्न उचित मेशिन उपकरणको प्रयोग गरि आवश्यकताका आधारमा सडक मर्मत सम्भार गर्ने नीति अवलम्बन गरिनेछ।
- संघ तथा प्रदेश सरकारवाट यस स्थानीय तहमा निर्माणाधीन एंव वजेट विनियोजन गरिएका सडकहरु डाडावन-कुरगेडी-घुम्ना, पोखरा –बेलापुर सडक, रडुवा फिन्देउ सडक यथाशीघ्र सम्पन्नताका लागि सम्वन्धित निकाय संग पहल गरिनेछ।
- यस गाउँपालिकाको सदरमुकाम केन्द्र जोड्ने सडक पुर्वाधारको रुपमा रहेको दोगाड गाउँपालिका सडकको कालोपत्रे सहित सडक स्तरोन्नती गरि गाउँपालिका केन्द्र सम्मको यातायातमा सहजता ल्याउन चालु आ.व.मा स्तरोन्नतीको कार्य सम्पन्न भइसकेकामा आगामी आ.व.मा कालोपत्रेको कार्य सुभारम्भ गरिनेछ।
- स्थानीय आवश्यकता पहिचान गरी झोलुङ्गेपुल निर्माणका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गर्दै अधुरा रहेका झोलङ्गे पुलहरू निर्माण सम्पन्नका लागि आवश्यक पहल गरिने एवम आगामि आर्थिक वर्ष भित्रै सम्पन्न हुन बाकि झोलङ्गे पुलहरूको निर्माण कार्य आगाडि बढाउन पहल गरिनेछ।
- सडक सञ्जालसँग नजोडिएका बस्तिहरु उकली लगायतका बस्तिहरुमा मुल सडक सञ्जालमा जोड्न आवश्यकता अनुसार संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन गरी सडक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

**खानेपानी सरसफाइ तथा स्वच्छता**

- आधारभुत खानेपानी तथा सरसफाई सेवाबाट वञ्चित रहेका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा पुर्याउने कार्यक्रमलाई उच्च प्राथमिकता दिई सञ्चालन गरिनेछ।
- खानेपानीको चरम अभाव रहेका मणिलेकको वगाल वडम वस्तिहरूमा खानेपानी आपुर्ति गर्न प्रदेश तथा संघ सरकारको समन्वयमा आगामी आ.व.मा निर्माण प्रक्रिया अगाडी वढाइनेछ। अनाधिकृत रुपमा पानीका मुहानहरु नियन्त्रणमा लिने प्रवृतिलाई निरुत्साहित गर्दै आम जनताको खानेपानी प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्दै खानेपानी तथा सरसफाई स्वच्छता ऐन जारि भैसकेकामा खानेपानी मुहानमा सम्बद्ध उपभोक्ताहरूको दर्ता प्रक्रियालाई अगाडि बढाईनेछ।
- ठुला बृहत खानेपानी योजना अन्तर्गत मणिलेक बडम वृहत खानेपानी, नवदुर्गा बेलापुर, सिन्टोलीगाड खानेपानी जस्ता ठुला आयोजनाहरु मर्मत सम्भार एवम पुर्नः निर्माणका लागि संघ तथा प्रदेश सरकार सगँ पहल गरिने छ।
- खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन पानीपोत उठाउने नीति एवम खानेपानी आयोजनाहरुमा पानी हेरालु पलम्बर लाई पारिश्रमिक सहित सानातिना मर्मतमा जिम्मेवार बनाउन मर्मत सम्भार कोषको व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

## भवन निर्माण पुर्वाधार

- चालु आ.व.मा आधारभुत स्वास्थ्य केन्द्र चामाको भवन निर्माण कार्य सम्पन्न गर्दै निर्माणाधिन आयुर्वेदिक औषधालय मणिलेकको भवन आगामि आ व मा निर्माण कार्य समपन्न गर्न आवश्यक समन्वय एवम सहकार्य गरिनेछ।
- आधारभुत स्वास्थ्य केन्द्र, स्वास्थ्य संस्था र गाउँ घर क्लिनिकका भवनहरु क्रमसः निर्माण, मर्मत गर्दै लगिने र आवश्यकता अनुसार भवन पुर्वाधार निर्माणमा जोड दिइनेछ।
- विद्यालयमा रहेका अधुरा र अपुरा भवनहरु निर्माण कार्यलाई तिव्रता दिन आगामि आ व मा संघ तथा प्रदेश सरकारको समन्वयमा भवन निर्माण कार्यलाई प्राथमिकताका साथ जोड दिई विद्यालय पुर्वाधारमा सुधार ल्याउने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भएसकेकामा उक्त भवन भित्रको आवश्यक फर्निसिङ्ग सहितको व्यवस्था गरि सोही भवन बाटै सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ।
- वडा नं. ५ मा रहेको आधारभुत स्वास्थ्य केन्द्र भवन यसै वर्ष सम्पन्न गरि आवास व्यवस्था सहितको स्वास्थ्य संस्थाबाट आधारभुत स्वास्थ्य केन्द्रको सेवा सुचारू गरिनेछ।

## आवास तथा पुर्ननिर्माण र एकिकृत वस्ति विकास

- आ.व. २०८३/०८४ को श्रावण महिना देखि नै सेवा सुचारू गर्ने सुनिश्चितता साथ आवश्यक जनशक्ति तथा पुर्वाधारहरूको प्रवन्ध गरि भुमि सम्बन्धी एकिकृत कार्य गर्न भुमि प्रशासन शाखा सञ्चालनमा ल्याइ सम्पुर्ण जग्गाको लगत राख्ने रोक्का फुकुवा कित्ता काट रजिष्ट्रेशन पास लगायतका कामहरू यस पालिकाबाट सम्पन्न गर्न प्रबन्ध मिलाइनेछ।
- भुमिहिन अल्प संख्यकहरुको तथ्याङक लगत प्रविष्टि गरि उनीहरुको ब्यवस्थित बसोवासको ब्यवस्था मिलाउन नेपाल सरकार भुमि ब्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय, भुमि आयोगसंगको सहकार्यमा जनता आवास कार्यक्रम र शहरी विकास मन्त्रालय संग आवश्यक समन्वय सहकार्य गरिनेछ।
- सुरक्षित नागरिक आवास कार्यक्रमको मर्मलाई आत्मसाथ गरी फुसका छाना विस्थापित गरी जस्ताका छाना लगाउने कार्यलाई निरन्तरता दिईनेछ।
- जोखिममा रहेका वस्ति पहिचान गरी त्यसको व्यवस्थापनका लागि पहल गरिनेछ।
- अपाङ्ग, असक्त, गरिब, बेसाहारा, बिपन्न नागरिकहरुका आवास सुनिश्चितताका लागि सुरक्षित नागरिक आवास गृह कार्यक्रमसँगको सहकार्य समेत गाउँपालिकाको लगानीमा घर निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
- यस नवदुर्गा गाउँपालिका भित्र रहेका जोखिम युक्त वस्तीहरु तथा वस्तीमा रहेका घरहरुको समुचित मर्मत तथा निर्माणको कार्यलाई संघ सरकारको समन्वयमा सुरक्षित नागरिक आवास नीति अन्तर्गत घरका छाना पुर्नः निर्माण गर्ने नीति अवलम्वन गरिनेछ।
- भुमि समस्या समाधान आयोगसँगको सहकार्यमा अव्यवस्थित बसोबासीहरुलाई जग्गा नापजाँच गरि पुर्जा हस्तान्तरण गर्ने नीति अनुरुप वडा नं. १ मा नाँपजाँच कार्य सम्पन्न भइसकेकामा बाकी वडाहरूमा आगामि आ व भित्रै आवेदनकर्ताहरुको निस्सा बमोजिमको नापी कार्य सम्पन्न गरि व्यवस्थित गराइनेछ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## सिचाई

- सानो सिचाई योजना तथा प्लाष्टिक पोखरी सिचाई योजनालाई निरन्तरता दिइनेछ ।
- खोला छेउका बस्ती तथा खेतबारीहरुमा खोलाको पानी तान्ने समर्शिवल पम्प जडान सहित लिफ्ट सिचाईमा जोड दिइनेछ ।
- कृषिमा आधुनिकीरण गर्न र कृषि पेसालाई जीवन निर्वाहको माध्यमका रुपमा विकास गर्न सम्भावित र स्रोत उपलब्ध स्थानहरुमा सिचाईलाई उच्च प्राथमिकतामा राखि सिचाईका योजनाहरु कार्यान्वयन गरिने छ ।
- कृषि वालीनालीको उत्पादन वढाउन परम्परागत सिचाई प्रणालीलाई व्यवस्थीत गर्न आकाशे पानी संकलन पोखरी प्लाष्टिक पोखरी जस्ता कार्यक्रमहरुलाई अगाडी वढाई व्यवसायिक तरकारी खेती तथा नगदेवालीको उत्पादनमा जोड दिइने नीतिलाई निरन्तरता दिइनेछ ।
- कृषियोग्य भूमिमा दिगो एवम् भरपर्दो सिँचाई सुविधा उपलब्ध गराउन सिँचाइ विकासको गुरुयोजना र कृषि विकास रणनीति तर्जुमा गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

## आर्थिक विकास

### उद्योग

- प्रदेश सरकारसँगको सहकार्यमा युवा तथा महिलाहरूको उद्यमशिलता विकास गर्न जीपनउपयोगी सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।
- मेडपा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गरी युवाहरुका लागि सीपमुलक कार्यक्रम, ड्राईभिङ तालिम,कम्प्यूटर तालिम, सिकर्मी, डिकर्मी तालिम, बेमौसमी तरकारी खेति, मौरि पालन जस्ता उद्यमहरु संचालन गर्ने व्यवस्था मिलाइने छ ।
- युवाहरुको रोजगारीका लागि वैदेशिक श्रम बजार माथिको परनिर्भरता घटाउन गाउँपालिकामा साना उद्योग स्थापना गर्न गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम मेडपालाई प्रभावकारी रुपमा अगाडी बढाउदै स्थानिय सीप विकासलाई बढावा दिइनेछ ।
- वडा नं. ३ को तल्लो बस्तीमा सालका पातबाट दुनाटपरी बनाउने र बजारीकरण गर्न मेशिन जडान भई तालिमहरू समेत सम्पन्न भइसकेकामा दुनाटपरी उद्यमलाई व्यवसायिक रुपमा अगाडि बढाउने गरि संलग्न उद्यमीहरुको निर्मित सामग्री को बजारीकरण सुनिस्चित गरिने छ ।
- वडा नं. २ को वेडुपानीमा साझा सुविधा केन्द्रमा मसला प्रशोधन तथा बजारीकरण उद्यमलाई कार्यान्वयनमा ल्याइनेछ ।
- प्रदेश सरकारसँगको सहकार्यमा दलित विपन्न नागरिकहरुलाई परम्परागत सीपमा आधारित आरन व्यवसाय सिलाई कटाई उद्यम जस्ता व्यवसायहरुलाई व्यवसायिक पेशाका रुपमा अगाडि बढाई उनीहरुको जीवनस्तरमा सुधार ल्याउने नीतिलाई निरन्तरता दिइनेछ ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

## कृषि

- स्थानीय सम्भाव्यता र तुलनात्मक लाभका आधारमा कृषि पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणलाई एकीकृत रूपमा प्रवर्द्धन गरिनेछ।
- महिला, युवा, दलित, विपन्न तथा वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषि उद्यममा प्राथमिकता दिइनेछ।
- कृषि उत्पादनमा आत्मनिर्भरता वृद्धि गर्न बाँझो जमिनको उपयोग गरिनेछ।
- जलवायु अनुकूल कृषि प्रविधि तथा जैविक खेतीलाई प्रोत्साहन गरिनेछ।
- कृषक समूह, सहकारी र निजी क्षेत्रसँग साझेदारीमा कृषि सेवा विस्तार गरिनेछ।
- नवदुर्गा गाउँपालिकालाई कृषि उत्पादन, प्रशोधन, बजारीकरण र उद्यमशीलताको केन्द्रका रूपमा विकास गर्दै कृषि क्षेत्रमा युवा आकर्षण, रोजगारी सिर्जना र आत्मनिर्भर अर्थतन्त्र निर्माण गरिनेछ।
- कृषकहरूको संस्थागत संरचना तयार गर्न कृषक समूह गठन/पुनर्गठन गरि कृषि सेवा बिस्तार गरिने छ।
- यस गाउँपालिकालाई आलुमा आत्मनिर्भर बनाउन आलु खेती बिस्तार कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- कृषि क्षेत्रमा मागमा आधारित युवा लक्षित कार्यक्रम सन्चालनमा ल्याईने छ।
- तरकारी खेति मौषमी तथा वेमौषसी रुपमा सञ्चालन गर्न साना सिंचाई कार्यक्रमलाई निरन्तरता दिदै स-साना तरकारी तथा करेसावारीहरुका लागि सिचाई गर्न सिचाई पाइप, प्लाष्टिक पोखरी, प्लाष्टिक छाना उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।
- वडा नं. १,२ र ३ मा यसै बर्ष देखि उच्च मुल्य कृषि वस्तु उत्थानशील कार्यक्रम R-HVAP संगको सहकार्यमा यसै बर्ष देखि स्ट्रट अप अनुदानका कार्यक्रमहरु संचालन गरि कृषकहरूका उच्च मुल्यका वाली बिस्तार कार्यक्रममा जोड दिईने छ।
- कृषि कार्यमा विपन्न तथा सिमान्कृत समुदाय र एकल महिला लक्षित कार्यक्रम सन्चालनमा ल्याईने छ।
- कृषि बजार व्यवस्थापनका लागि उचित बजार प्रवर्धनमा जोड दिंदै थप गाउँपालिका क्षेत्रमा कोल्डस्टोर निर्माणका लागि आवश्यक पहल गरिने छ।
- साना सिचाई मर्मत सम्भार र निर्माण कार्यक्रमहरुका लागि क्रमशः ५० र ८० प्रतिशत, बाँसे संरचनाको प्लाष्टिक घर निर्माणमा ५० प्रतिशत, फलामे संरचनाको पोलिहाउस निर्माणमा ५० प्रतिशत, मौरी सहितको घार र खालिघारमा क्रमशः ५० र २५ प्रतिशत, च्याउ खेतिमा ५० प्रतिशत अनुदान नीतिलाई निरन्तरता दिईनेछ।
- प्रविधिहस्तान्तरण कार्यक्रम अन्तरगत हातेट्र्याक्टर, प्लाष्टिक पोखरी, प्लाष्टिक टनेल जस्ता सामाग्रीहरु अनुदानमा उपलब्ध गराउने निति अवलम्बन गरिनेछ।
- सुख्खा तथा बाह्रै महिना सिंचाई अभाव भएका बस्तिहरुमा फलफुल बिरुवा रोपण कार्यमा बढावा दिन हिउदे तथा बर्षे फलफुलका बिरुवाहरुमा अनुदान दिने निति लिइनेछ।
- यस गाउँपालिकाको क्षेत्र भित्र उल्लेख्यरुपमा उत्पादन हुने मकै तथा भटमास वालीलाई प्रर्वद्धन गर्न उन्नत विउ वितरणमा जोड दिदै माटो सुहाउँदो मकै र भटमास विउमा अनुदान दिने तथा कृषिमा पकेट विकास कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- साना सिंचाई, मझौला सिंचाई र बृहत सिंचाई योजनाको पहिचान र अभिलेखीकरण गरी नियमित सञ्चालनमा ल्याउन बिशेष योजना सहित संघिय र प्रदेश सरकार संङ्ग समन्वय गरिनेछ।



लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदुरपश्चिम प्रदेश, नेपाल

## पशुसेवा

- एक गाउँ एक प्राविधिक कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- यस गाउँपालिकाका पशुपालन गर्ने कृषकहरूका लागि पशुधनमा हुने क्षति न्युनीकरणका लागि पशुपन्छी उपचार सेवालाई थप प्रभावकारी बनाईने छ।
- खोप कार्यक्रम/स्थाई बन्ध्याकरण कार्यक्रम/ स्कुल शिक्षा कार्यक्रम/ जनचेतना मुलक कार्यक्रम, रेविज रोग नियन्त्रण कार्यक्रम जस्ता अभियानलाई निरन्तर सञ्चालनमा ल्याइनेछ।
- पशुपन्छीका महामारी जन्य रोगहरु नियन्त्रणका लागी खोप अभियान तथा जनचेतना मुलक कार्यक्रममा जोड दिईनेछ।
- पशुपन्छी विमा कार्यक्रम लाई सबै वडाहरुमा अभियानका रुपमा संचालन गरिने छ।
- कृतिम गर्भाधान कार्यक्रम लाई मिसनका रुपमा संचालन गरिने छ।
- पशुहरूको षोषण सम्वेदनशिलता लाई मध्यनजर गर्दै पोषण सम्बन्धी कार्यक्रमलाई जोड दिईनेछ।
- दुध उत्पादन, मासु उत्पादन, फुल उत्पादन गर्ने कृषकलाई उत्पादनका आधारमा अनुदान प्रदान गर्ने उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्ने नीति अबलम्वन गरिनेछ।
- बर्षे तथा हिउदे एक बर्षे र बहु बर्षे घाँस खेती कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ।
- सरकारी गोष्ठी तथा सेमिनार तथा बैठक एवम गाउँपालिकामा हुने विभिन्न कार्यक्रम तथा कार्यालयको खाजा नास्तामा पशुजन्य उत्पादनलाई पहिलो प्रथामिकतामा राख्ने नीति अबलम्बन गरिनेछ।
- कृषकहरुको व्यवसायीकतालाई पहिचान गरी अनुदान प्रदान गरिने व्यवस्था मिलाईनेछ।
- कृषि तथा पशुपंक्षी बीमा सेवा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी उक्त अभियानको अनिवार्यता मार्फत कृषकको संभावित क्षतिको जोखिम घटाई उत्पादकत्व अभिवृद्धि गरिनेछ।
- पशुपंक्षीको मासुको बजार प्रवर्धन गर्न सुरक्षित माशु पसल ब्यवस्थित गर्न आवश्यक सहयोग गर्ने अनुदान नीतिलाई निरन्तरता दिदै शुद्ध मासु पसल संचालनमा जोड दिइनेछ।
- कुखुरापालन, भैसीपालन, बाख्रापालन,तर्फ युवा तथा कृषक लाई खोर समुहमार्फत अनुदान दिइ आयआर्जनमा जोड दिने निति अवलम्बन गरिनेछ।

## संस्कृति पर्यटन

- प्राकृतिक रुपले रमणीय स्थानमा रहेको नवदुर्गा गाउँपालिका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको धनी भुमिमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणमा जोड दिने नितिलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्र रहेका मठमन्दिर चौतारा धर्मशाला देवल गुफा संरक्षणमा विशेष जोड दिइनेछ।
- संस्कृति संरक्षण तथा प्रवर्दन गर्ने कार्य अन्तर्गत गाउँपालिका भित्र रहेका देवलहरुको संरक्षणका लागि उचित व्यवस्था मिलाइने छ।
- प्रसिद्ध मष्ठा भगवती क्षेत्र, नवदुर्गा भगवती, गौडेश्वर मन्दिर, अशिग्राम मणिलेक क्षेत्र, मष्ठा बैजनाथ क्षेत्र, मणिलेक मन्दिर, विजयासैनी समैजी मन्दिर, भुमिदेउली, शिव मन्दिर लगायत गा.पा भित्र रहेका पासा र मसानी मन्दिरहरु आमतड र कोटेलीका देवलहरु तथा कुणी दहको विशेष संरक्षण गर्न आवश्यक पहल गरिनेछ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डँडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

- नवदुर्गा गाउँपालिका भित्र रहेका पुराना ऐतिहाँसिक महत्वका परम्परागत धरोहरको संरक्षण गर्न जोड दिईनेछ। पुराना पौराणिक ब्यक्तित्वहरुले लगाएका वर पिपल चौतारीहरुको संरक्षण र पुराना हुलाकि बाटाहरुको संरक्षणका लागि रोजगार संग जोडेर प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि नगदको नीति अवलम्बन गरिनेछ।

## सहकारी तथा गरिवी निवारण

- सहकारी क्षेत्रमा वर्तमानमा देखिएको ऋण डुब्ने समस्या तथा सहकारीका बचतकर्ताहरुको बचत गुम्ने समस्यालाइ मध्यनजर गरि तेस्तो समस्या आउन नदिन समयमै गाउँपालिका भित्र रहेका सहकारीहरुको अनुगमन गरि सहकारी सम्बन्धी कानूनको कडाईका साथ परिपालना गर्ने निति अवलम्बन गरिनेछ।
- सहकारी संस्थाको गतिविधिलाई उत्पादनसंग आवद्ध गराइ सवै वडाहरुमा स्थानीय स्रोत साधनको उपयोग गरी उत्पादकत्व बढाउने सहकारीहरु स्थापनामा जोड दिइनेछ।
- सार्वजनिक निजी क्षेत्र तथा सहकारी सहितको तीन खम्बे अर्थ नीति अवलम्वन गर्दै सहकारी क्षेत्रको बिकासमा सहभागिता सुनिश्चितता गर्न इच्छुक सहकारी मार्फत अनुदान वाट साना स्वरोजगारका कार्यक्रमहरुमा लागत सहभागिता गरिनेछ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत अति गरिव परिवारका सदस्यहरु सम्मिलित उद्यम समुहहरुलाई रोजेको ब्यवसायका लागि आवश्यक अनुदान उपलब्ध गराइनेछ।
- गरिवि निवारण कोष मार्फत विभिन्न वडाहरू मार्फत बीउ पुजीका रुपमा छरिएर रहेको सोलगानीको रकम एकिकृत गरि सहकारी मार्फत आवश्यक क्षेत्रहरुमा लगानी गरिने नीति अवलम्बन गरिनेछ।
- कृषि क्षेत्रमा जाने तथा पशुपालन तर्फ जाने साना अनुदान तथा प्रबिधि हस्तान्तरणका कार्यक्रमहरुलाई स्थानीय सहकारीमार्फत दिने ब्यवस्था मिलाउने र अनुगमन समेत सहकारीमार्फत सम्पन्न गरि प्रतिफल सुनिश्चित गर्ने ब्यवस्था मिलाईनेछ।

# सामाजिक विकास

## स्वास्थ्य

- गाउँपालिकाले पूर्ण पोषण मैत्री पालिका अभियान, पूर्ण संस्थागत सुत्केरी पालिका अभियान, पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा, प्रयोगशाला विस्तार, गर्भवती लक्षित नि:शुल्क भिडियो एक्सरे, एकीकृत नि:शुल्क स्वास्थ्य शिबिर, बर्थिंग सेन्टर सुदृढीकरण अभियान आदि जस्ता कार्यक्रम सन्चालन गर्दै आईरहेको छ। यसै गरि खोप, पोषण, परिवार नियोजन, सुरक्षित मातृत्व जस्ता कार्यक्रमलाई लक्षित गरि विभिन्न घोषणा पत्र तथा प्रतिबद्धता जारी गरि कार्यान्वयनमा ल्याउने निती लिइनेछ।
- यस गाउँपालिकाको समग्र स्वास्थ्य अवस्थामा सुधार ल्याउन पालिकाले तयार गरेको स्वास्थ्य तथा सरसफाई ऐन, स्वास्थ्य, सरसफाई तथा पोषण नीति र स्वास्थ्य क्षेत्रको आवधिक योजनालाई पूर्ण कार्यान्वयनमा ल्याइनेछ।



लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- यस आ.व. देखि समुदायमा आधारित रोग निगरानि कार्यक्रमको विस्तार गरिनेछ।
- गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य सँस्थाहरुबाट नि:शुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभाबकारी रुपमा सन्चालनका लागि जोड दिइनेछ।
- भौगोलिक विकटता र जनघनत्वका आधारमा न्यूनतम आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न त्यस्ता ठाउँहरुको पहिचान गरि गाउँघर क्लिनिक र खोप क्लिनिक मार्फत सेवा दिने कार्यलाई विस्तार गरिनेछ।
- न्यूनतम सेवा मापदण्ड (MSS) को पूर्ण कार्यान्वयन गर्दै स्वास्थ्य सँस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नमा जोड दिइनेछ।
- नसर्ने रोगको प्रकोप बढिरहेको सन्दर्भमा नवदुर्गा गाउँपालिका बासी आम जनसमुदायको जीवनशैली तथा खानपिनमा सुधार ल्याउन जनचेतनामुलक कार्यक्रम सन्चालनमा जोड दिइनेछ, साथै सुर्तीजन्य पदार्थ, लागु पदार्थ दुर्बेसनि र अन्य स्वास्थ्यलाई हानि गर्ने बस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहित गरिनेछ।
- नवदुर्गा गाउँपालिकाका सबै वडाहरुमा बर्षमा एक पटक नि:शुल्क एकिकृत स्वास्थ्य शिबिर सन्चालन गरिनेछ साथै उच्च रक्तचाप, मधुमेह, मृगौला रोग, मुटु रोग, दम जस्ता नसर्ने रोगहरुको निदान, उपचार तथा व्यवस्थापन गर्न आवश्यकता अनुसार बिशेष एकीकृत अभियान सन्चालन गरिनेछ।
- खोपबाट बचाउन सकिने रोगहरुको उन्मुलन, निवारण र नियन्त्रणका लागि केन्द्रिय सरकारको नीति अनुरुप कार्यान्वयन र निगरानी कार्य गरिनेछ, साथै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गर्ने कार्यलाई हरेक बर्ष निरन्तरता दिइनेछ।
- स्वास्थ्य सँस्थाबाट नि:शुल्क वितरण हुने तोकिएका औषधिहरुमा आवश्यकता अनुसार थप गरि सहज रुपमा उपलब्ध भएको सुनिश्चित गरिनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रबाहको लागि गिल्ला मम्मेमा निर्माण सम्पन्न चरणमा रहेको स्वास्थ्य पूर्वाधार लगायत सेवा प्रवाह गरिरहेका स्वास्थ्य सँस्थाहरुमा औषधि, औषधिजन्य सामग्री र औजार तथा उपकरणको व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्र सन्चालनमा रहेका निजि क्लिनिकहरुको सेवाको गुणस्तर सुनिश्चितताको लागि नियमित सुपरिवेक्षण , अनुगमन गर्दै आवश्यक पृष्टपोषण गरिनेछ, साथै प्रचलित कानुन बमोजिम प्रक्रिया नपुगेका निजि क्षेत्रका सेवा प्रदायक सँस्थालाई प्रक्रियामा ल्याउन आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ।
- खाद्य बिबिधिकरणमा जोड दिदै शिक्षा शाखा संगको समन्वयमा सबै बिद्यालयहरुमा पोषण व्यवहार परिवर्तन, बिद्यालय स्वास्थ्य तथा पोषण र बजारिया खान (Junk Food) लाई निरुत्साहित गर्न चौमासिक रुपमा अभिमुखीकरण कक्षा सन्चालन गरिनेछ।
- विपद प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण एबं प्रतिकार्यको लागि बहुपक्षिय सहकार्य गरिनेछ।
- यस गाउँपालिका अन्तर्गत ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरु, बिपन्न व्यक्तिहरु, अपांग, जेष्ठनागरिक र अन्य पिछडिएका वर्गलाई नि:शुल्क प्रेषणका लागि एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

लक्ष्मी प्रसाद अवस्थी

- गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न, जेष्ठ नागरिक र अपांगहरुको घरमै सामान्य स्वास्थ्य जाँच तथा उपचार गर्न बिगत देखि काम गरिरहेका एक वडा एक सामुदायिक स्वास्थ्यकर्मी कार्यक्रम,पोषण अवस्थामा सुधार ल्याउने उदेश्यले संचालित सुनौला हजार दिन लक्षित पोषण चौतारी कार्यक्रम, सन्चार तथा समन्वयका लागि महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई सन्चार खर्च, गर्भवती लक्षित नि:शुल्क भिडियो एक्सरे कार्यक्रम लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नवदुर्गा गाउँपालिकाको वडा न.३ डाँडाबनमा निर्माणाधीन १५ सैयाको अस्पतालको निर्माण कार्य अगाडि बढाउन विशेष पहल गरि द्रुत गतिमा निर्माण गर्न केन्द्रीय सरकार सँग आवश्यक समन्वय तथा परामर्श एवम सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- प्राथमिक उपचार जनतामा पुर्याउनका लागि ५ वटै वडामा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिदै आएकामा यस बर्ष विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविर सहित आखा शिविर सञ्चालन गरिनेछ ।

## शिक्षा

- विद्यालय गुणस्तर सुधारका लागि शैक्षिक जागरण अभियान, बृहत शैक्षिक सम्मेलन, सरोकारवालासँगको शैक्षिक बहस जस्ता कार्यक्रम सञ्चालन सँगै विद्यार्थी अभिभावकहरूका लागि मनोसामाजिक परामर्श कार्यशाला मार्फत गुणस्तर सुधारमा जोड दिइनेछ ।
- नवदुर्गा गाउँपालिकाको प्रतिबद्धता नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पहुँचमा सुनिश्चितता" मूल नाराका साथ बालमैत्री विद्यालय वातावरण निर्माण गर्दै आधारभूत शिक्षालाई सामुदायिक विद्यालय मार्फत क्रमश: अनिवार्य नि:शुल्क र माध्यमिक शिक्षालाई नि:शुल्क गरिनेछ साथै प्राविधिक शिक्षाको पहुँचमा जोड दिइनेछ ।
- गाउँपालिका भित्र आवाशीय विद्यालय संचालन अनुदान लिई सञ्चालनमा रहेका विद्यालयलाई थप व्यवस्थित गर्दै शैक्षिक गुणस्तर सुधार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालय तथा बालविकास केन्द्रमा रहेको विद्यार्थी संख्याको अनुपात तथा विद्यालयमा रहेका विषयगत शिक्षक दरबन्दीको आधारमा शिक्षक दरबन्दी मिलान र पालिकाको भुगोल तथा विद्यालय सम्मको दुरीलाई मध्यनजर गरी विद्यालय तथा बालविकास केन्द्र अनिवार्य समायोज, विद्यालय मिलान खारेजी, विद्यालय मर्ज सहित शिक्षक दरवन्दिको उचित व्यवस्थापन सँगै शिक्षकहरूको चक्रिय सरुवामा जोड दिइनेछ ।
- पालिकामा सञ्चालित अंग्रेजी, गणित र विज्ञान विषयका विषयगत शिक्षक दरबन्दी नभएका आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० लाई विद्यालयमा मौजुदा दरबन्दी संख्यालाई एकिन गरी शिक्षण अनुदान उपलब्ध गराइनेछ ।
- विद्यालय उमेर समूहका सवै बालबालिकालाई विद्यालय शिक्षाको पहुँचमा ल्याउन भर्ना अभियान कार्यक्रम सञ्चालनमा ल्याइनुको साथै विद्यार्थी टिकाउदर र विचैमा विद्यालय छोड्ने दरमा अपेक्षित सुधार गर्न अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गरिने छन ।
- शिक्षकहरूका लागि सिकाई टेक्सेस परियोजनाको सहकार्यमा विद्यालय तहका सम्पुर्ण शिक्षकहरूका लागि क्लास्टरगत तालिमको व्यवस्था मिलाइनेछ ।



लक्ष्मी प्रसाद अवस्थी

- विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउन पालिकामा विषयगत शिक्षकहरुको रोष्टर समूह निर्माण गरी नमूना शिक्षण र आवश्यक पृष्ठपोषण सहितको विद्यालय अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्य सञ्चालन गरिनेछ।
- पालिकास्तरीय कक्षा ५ र ८ को परीक्षा र SEE परीक्षाको नतिजाको आधारमा उत्कृष्ट छात्रा/छात्र, विद्यालय प्रधानाध्यापकसँग गरिएको कार्य सम्पादन करार सम्झौता अनुसार उत्कृष्ट अंक ल्याउने प्रध्यानाध्यापक र सामाजिक लेखा परीक्षाणको मापदण्ड तथा शैक्षिक गुणस्तर सुधार कार्य योजानाको आधारमा उत्कृष्ट विद्यालय तथा उत्कृष्ट व्यवस्थापन समिति सहित शिक्षा क्षेत्रमा उल्लेखनीय सुधार ल्याउने वडा समितिलाई समेत पुरस्कृत गरी प्रोत्साहित गरिनेछ ।
- पालिका अन्तरगतका सम्पुर्ण विद्यालयहरूमा हाइ स्पिड सहितको फाराइवर इन्टरनेट सेवा विस्तार सहित सबै विद्यालयमा सि सि टिभि क्यामेरा जडान गरि पालिका तहबाटै निगरानी गर्ने व्यवस्था मिलाइनेछ।
- नवदुर्गा गाउँपालिकाको कक्षा १-८ को हाम्रो नवदुर्गा नामक स्थानीय पाठ्यक्रमलाई आवश्यक परिमार्जन सहित कार्यान्वयनमा ल्याईनेछ।
- पालिकामा सञ्चालित ICT सुविधा नभएको विद्यालय संख्या एकिन गरी कम्प्युटरको सुविधा नभएका विद्यालयहरु समेत सबै विद्यालयहरूमा १ थान ल्यापटप तथा स्मार्ट बोर्ड अनिवार्य व्यवस्थापन गरी सिकाइलाई प्रविधीसंग जोड दिइनेछ ।
- बालबालिकाहरुको सार्वाङ्गिण विकासको लागि विभिन्न प्रतिभा पहिचान कार्यक्रम, अतिरिक्त क्रियाकलाप र खेलकुद कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ।
- पालिका तथा वडास्तरमा खेल पूर्वाधार विकास सम्बन्धी कार्यहरु गरिनुको साथै पालिका, जिल्ला, प्रदेश र केन्द्रीय स्तरका खेलकुदमा उत्कृष्ट क्षमता प्रदर्शन गर्ने खेलाडीलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तरगत सामुदयिक सिकाइ केन्द्रहरु मार्फत विद्यालय भन्दा बाहिर रहेका विद्यार्थीको लगत संकलन सहित घरधुरि सर्वेक्षण गरि सबैका लागि शिक्षा निति अवलम्बन गरिनेछ।
- सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला र पुस्तकालय व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै नमूना बालविकास केन्द्र विकास कार्यक्रमलाई निरन्तरता दिदै प्रारम्भिक बालविकास कक्षाका लागि शैक्षिक सामग्री व्यवस्थापनमा जोड दिइनेछ ।
- अति विपन्न बालबालिकाका अभिभावकहरूका लागि आयआर्जन मार्फत विद्यार्थी टिकाउदर बढाउने निति अवलम्बन गरिनेछ।
- प्राथमिक तहका शिक्षकहरुको शिक्षण सामग्री निर्माण सम्वन्धी क्षमता विकास तालिम प्रदान गरी प्राथमिक तहको कक्षाकोठालाई शिक्षण सामग्रीले व्यवस्थित गर्ने खालका क्रियाकलापहरु संचालन गरिनेछ।
- गाउँपालिकामा सञ्चालित कार्यसम्पादन राम्रा भएका र कमजोर कार्यसम्पदान भएका विद्यालयहरुबीच अनुभव आदानप्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा रहेको शैक्षिक भौतिक पुर्वाधार र खानेपानीसंग सम्वन्धित समस्याहरुमा रहेका विद्यालयहरुको अनुगमन गरि आवश्यक सुधारका लागि सहयोग अनुदानको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा अन्तरगत रहेका विद्यालयहरूमा सामाजिक सञ्जालको दुरुपयोग तथा यसका असरहरू सम्बन्धी संचेतना दिने उद्देश्यले मनोपरामर्शदाताको सहयोगमा परामर्शदाता कक्षा सञ्चालन गरिनेछ।



लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

- समय सापेक्ष गाउँपालिका अनुदानबाट पारिश्रमिक लिई न्युन पारिश्रमिकमा कामकाज गरिरहेका स्थानीय स्वयमसेवक शिक्षकहरूको पारिश्रमिकमा बढोत्तरी गरि न्युनतम पारिश्रमिक उपलब्ध गराउने र शिक्षण पेशा प्रति आकर्षित गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

## सरसफाइ तथा स्वच्छता

- गाउँपालिकाको सरसफाइ तथा स्वच्छता अभियानलाई निरन्तरता दिन प्रदेश सरकारको सहयोगमा गाउँपालिका सरसफाई तथा स्वच्छता योजना (WASH plan) तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।
- सबै सरकारी कार्यालयहरु विद्यालयहरु लगायत सार्वजनिक निकायमा प्रवेश गर्दा अनिवार्य सावुन पानीले हात धुने बानीको विकास गर्न आवश्यक पर्ने सामग्रीको उपलब्धता सुनिश्चित गराइनेछ ।
- यस नवदुर्गा गाउँपालिका भित्र रहेका वस्तीमा धुवा रहित चुलो निर्माण गर्न सम्वन्धीत संघसंस्था संग पहल गरि धुवारहित गाउँपालिकाको रुपमा कार्यक्रमहरु अगाडी बढाइने छ । साथै बैकल्पिक उर्जाका स्रोतहरुको खोजी गर्दै बायो ग्याँस,रकेट चुलो ,सौर्य उर्जा जस्ता कार्यक्रमहरु कार्यान्वयनमा निरन्तरता दिइनेछ ।
- पुर्ण सरसफाई युक्त वडा घोषणाका लागि तयारि गर्दै गाउँपालिकालाई पुर्ण सरसफाई युक्त गाउँपालिका बनाउने अभियानको थालनी गरिनेछ ।
- नवदुर्गा गाउँपालिका वासीलाई शौचालयको व्यवस्थित प्रयोग गर्नका लागि प्रोत्साहित गरिनेछ ।

## लैंगिक समानता तथा महिला सशक्तीकरण

- संघ सरकारको विषेश अनुदान सहयोगमा विपन्न सिमान्तकृत तथा एकल महिला एवम किशोरीहरूका लागि सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।
- विपन्न गरिव दलित र एकल महिलाहरुका लागि आर्थिक सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुको नेतृत्व विकास र क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिलाहरु सँग सम्बन्धी सवै कानून राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि सम्झौता प्रतिवद्धता तथा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी सुचकहरु पुरा गर्दै लगिनेछ ।
- लक्षित वर्ग पहिचान हुने गरी खण्डिकृत तथ्याकहरु संकलन तथा अधावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र वजेट विनियोजन गर्ने नीति अब्लम्वन गरिनेछ ।
- महिला विरुद्ध हुने सवै प्रकारका हिंसा र दुर्व्यवहारको अन्त्यका लागि संरक्षणात्मक र निरोधात्मक उपायहरु अब्लम्बन गरिनुका साथै लैङ्गिक हिंसा घरेलु हिंसा विभेद सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुका लागि सहायक सामाग्रि वितरण गरिनेछ । गाउँपालिका भित्र निमार्ण हुने सरकारी एवमं सार्वजनिक भौतिक संरचनाहरुलाई अपांगमैत्री वनाइनेछ ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- बालालिका तथा किशोरकिशोरी विरुद्ध हुने सवै प्रकारका हिंसाको अन्त्य गर्न आवश्यक कानूनको व्यवस्था गरि सबै खाले विभेद अन्त्य गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- बालबालिका सम्बन्धी निती तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । विशेष संरक्षणको आवश्यकता भएका र हिंसा तथा जोखिममा परेका बालबालिकाको लागि बालकोष स्थापना गरिनेछ ।
- बालश्रम मुक्त स्थानीय तह घोषणाको लागि आवश्यक कार्यक्रम तय गरि लागु गरिनेछ ।
- लागूपदार्थ दुर्व्यसनीहरुका लागि प्रहरीसँगको साझेदारीमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- ग र घ वर्गका अपाङ्गता भएका व्याक्तिहरुलाई आय आर्जन र स्वावलम्वी जीवनयापन गर्न सीपमूलक तालिम सञ्चालन गर्न सीपमूलक तालिम सञ्चालनगरी व्यवसायतर्फ उन्मुख गराउन अनुदान वितरण गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुलाई तिर्थ दर्शन तथा सम्मान गरिनेछ ।
- जेष्ठ नागरिकहरू मार्गदर्शक हुन बोज होइनन भन्ने मान्यतालाई चरितार्थ गर्न यस गाउँपालिकामा रहेका सबैभन्दा जेष्ठ नागरिकलाई विश्व जेष्ठ नागरिक दिवसमा सम्मान गरिनेछ ।
- लैगिंक समनाता तथा समावेशीकरण नीति निर्माण गरी कार्यान्वयन गर्दै लैङ्गिक उत्तरदायी बजेट विनियोजन पध्दतिलाई संस्थागत गरिनेछ ।
- एकल महिलाहरुका लागि आयआर्जका स्रोतहरुको पहिचान गरि उचित व्यवस्थापन गरिनेछ ।
- कार्यालयमा हुन सक्ने कुनै प्रकारका दुरव्यवहार भेदभाव र महिला हिंसा नियन्त्रणका लागि आचार संहिता बनाइनेछ ।
- महिलाहरुमा पर्ने सामाजिक असर कम गर्न एवम घरेलु हिंसाका कारण समस्यामा परेका महिलाहरुका लागि मनो परामर्शका कार्यक्रमहरु अगाडी वढाइने छ ।
- आपतकालिन अवस्थामा हिंसामा परेका पिडित महिलाका लागि जिल्लामा सञ्चालित सुरक्षित गृह(सेफ हाउस) सँग समन्वयमा तिनिहरुको संरक्षणमा जोड दिइनेछ ।
- समाजिक सुरक्षा तथा सरकारवाट कुनै प्रकारको संरक्षण प्राप्त गर्न नसकेका परिवार एंव सामाजिक रुपमा वंचितीकरणमा परेका एकल पुरुषहरुको जीवन निर्वाहलाइ सहज तुल्याउने नितिलाई निरन्तरता दिईनेछ ।
- छाउपडी प्रथालाइ निरुत्साहित गर्दै उक्त अवस्थामा महिलाको जीवनशैली व्यवस्थित गर्न महिनावारि स्वच्छता कार्यक्रम संचालन गरिने छ ।
- लैङ्गिक हिंसा, घरेलु हिसां मानव वेचविखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान लगायतका दिवशहरुमा सचेतीकरणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाका सबै भौतिक पुर्वाधारका आयोजनाहरुमा महिलाहरुको कार्यबोझ घटाउने खालका आयोजनालाई प्राथमिकता दिई उनिहरुको आय आर्जनमा जोड दिने खालका आयोजना संचालनमा गाउँपालिकाको प्राथमिकता सुनिश्चित गरिनेछ ।
- सामुदायिक संस्था, सहकारी तथा संजालहरुको विकास सशक्तिकरण आयआर्जन तथा सीप क्षमता अभिवृद्धिका लागि विषेश योजना बनाई कार्यान्वयन गरिनेछ ।



लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डुडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

- एकल महिलाहरुका लागि विगत वर्षहरु झैं आयआर्जनका कार्यक्रम कुखुरा वाख्रा पालन व्यवसायीक तरकारी खेतीका लागि अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- एकल असहाय महिलाहरुका बालबालिकाहरु लाई उच्च शिक्षाका लागि छात्रबृत्तिको ब्यवस्थालाई निरन्तरता दिईनेछ।

## दलित

- बिपन्न दलितका छात्र छात्रा हरुलाई शिक्षाको मुल प्रवाहीकरणमा ल्याउन प्राबिधिक शिक्षाको सुनिश्चितता गर्न दलित छात्रबृत्ती कार्यक्रम लाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ।
- संघ सरकारको विषेश अनुदान सहकार्यमा दलित तथा सिमान्तकृत वर्गहरुको शसक्तीकरणका लागि परम्परागत सीपमा आधारित पेशालाई व्यवसायिक रुपमा लैजान आधुनिक प्रविधि एवम मेशिन प्रयोगका माध्यमवाट उनिहरुको आयआर्जनका लागि टेवा पुग्ने र व्यवसायिक बनाउन आवश्यक तालिम सहित उनिहरुको शसक्तीकरणमा जोड दिइनेछ।
- दलित विपन्न नागरिकहरु को रुचि वमोजिमको सीप विकास गर्न सिकर्मी डकर्मी कार्पेन्टी जस्ता तालिमहरुको आयोजना संघीय सरकारको विषेश अनुदानमा सञ्चालन गरिनेछन।
- दलित जातीहरुमा रहेको परम्परागत सीपमा आधारित पेशालाई व्यवसायीकरण तर्फ उन्मुख गर्न आधुनिक औजार सिलाई मेशिन,आरन सेट जस्ता सामग्री उपलब्ध गराई गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपा अन्तरगत परम्परागत सीप विकासलाई आधुनिकीकरणमा जोड दिदै उद्यमशिलता तर्फ उन्मुख गराइनेछ।
- परम्परागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागु गरिने छ ,जातींय भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न विशेष व्यवस्था गरिने छ हरेक वडामा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रममा जोड दिदै दलित तथा सिमान्तकृत वाल वालिकाको निशुल्क शिक्षाको आवश्यक व्यवस्था मिलाइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संचालन हुने रोजगारका कार्यक्रमहरुमा बिपन्न र पछाडी परेका गरिव दलित तथा सिमान्तकृत बर्गहरुको प्राथमिकताका साथ सहभागिता गराईनेछ। राष्ट्रिय आरक्षण नीतिको परिपालनलाई आत्मसात गर्दै गाउँपालिका बाट संचालन हुने सबै खाले आयोजना तथा कार्यकार्यमहरु, रोजगारका अवसरहरुमा दलित बिपन्नहरुको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिने नीति अवलम्बन गरिनेछ।

## युवा तथा खेलकुद

- स्थानीय युवा नीति निर्माण गरी क्षमता पहिचान मार्फत युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गरिनेछ।
- नवदुर्गा खेलग्रामको थप पुर्वाधार संरचना प्याराफिट सहित निर्माण गरि जिल्ला स्तरिय प्रतियोगिता सञ्चालन गर्न प्रोत्साहित गर्ने उद्देश्य सहित खेलग्रामको स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ।
- बैदेशिक रोजगारिमा गएका यूवाहरुका तथ्याङ्क अभिलेखीकरण गर्ने कार्यको व्यवस्था मिलाइने छ।
- बैदेशिक रोजगारबाट फर्किएका युवाहरूका लागि उनिहरूको सीप र रूचिमा आधारित सीप विकास कार्यक्रम रोजगार सेवा केन्द्र मार्फत सञ्चालन गरिनेछन।



लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- यूवाको क्षमता विकास कार्यक्रम लोकसेवा तयारी कक्षा, ड्राईभिङ तालिम, कम्प्यूटर तालिम आदि संचालन गरिने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- विद्यालय स्तरमै खेलकुदको विकास गर्न आवश्यक खेल सामग्रीहरु प्रदान गरिने तथा विद्यालय स्तरमा प्ले स्टेशन निर्माणका साथै खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- विभिन्न स्तरमा खेलकुद प्रदर्शनका लागि यूवाहरुको क्षमता विकासका लागि खेलकुद कार्यक्रमहरु संचालनको व्यवस्था मिलाइने छ।
- युवालाई आत्मनिर्भर, स्वावलम्वी र समाजविकासमा सक्रिय बनाउदै रोजगार सिर्जनाका अवसरहरुको खोजी गरिनेछ।
- कृषि क्षेत्रमा युवाहरुको घटदो आकर्षण लाई निरुत्साहित गरि आर्थिक बिकासको मुल आधार कृषिमा आधनिकीकरण सहित युवा अनुदानमा बढोत्तरी गरि कृषि उत्पादनको प्रतिफलबाट युवाहरुको आय आर्जनमा जोड दिने नीति अवलम्बन गरिनेछ।
- वढ्दो युवा वेरोजगारीलाई मध्यनजर गरी हाउसवायरिङ्ग पलम्वीङ्ग मोटरसाइकल मर्मत रेडियो घडी मर्मत मोवाइल मर्मत हेयर कटिङ्ग जस्ता तालिमहरु प्रदान गरी युवाहरुलाई स्वरोजगार वनाउने कार्यलाइ निरन्तरता दिइनेछ।
- वडास्तरमा संचालन हुने खेलकुदका कार्यक्रमहरुलाई निरन्तरता दिदै साना तथा बस्ति स्तरका खुला स्थानमा खेलकुदका लागि खेल मैदानका रुपमा विस्तार गर्ने निती अवलम्वन गरिनेछ।

**बालवालिका**

- नवदुर्गा गाउँपालिकाका सबै वडाहरूमा बालबालिकाहरूको संस्थागत संरचना तयार गर्न समुदाय तथा विद्यालय स्तरिय बालक्लबहरू गठन तथा संजाल निर्माण गरि बालमैत्री स्थानीय शासनमा जोड दिइनेछ।
- संघीय सरकारको बिषेश अनुदान तथा पालिकाको आफ्नो स्रोतबाट बालबालिका हकहितका क्षेत्रमा विद्यालय स्तरिय शैक्षिक जागरण लगायत विपन्न तथा टुहुरा वेशाहारा विद्यार्थीहरूका लागि स्कुल ड्रेस, शैक्षिक सामाग्री लगायतका सामाग्रीहरू उपलब्ध गराइ विद्यालय शिक्षा सुनिश्चित गर्न जोड दिइनेछ।
- बालबालिकाको अधिकारको उलङ्घन गरेमा वा अभिभावक, राज्य र सञ्चारमाध्यमले बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि स्थानीय न्यायिक समिति मार्फत पीडितका निवेदनका आधारमा आफ्नो कार्यक्षेत्रको दायरा अनुसार अधिकार प्रचलनको सुनिश्चितता गर्न पहल गरिनेछ।
- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको सुनिश्चितता गर्न सम्बन्धीत पक्षहरूसँग सहकार्य गरि बालस्याहार गृहमा व्यवस्थापन गरिने नीति अबलम्बन गरिनेछ।
- बालबालिका अधिकारको संरक्षणका निम्ति बाल हेल्पलाइन नम्बर १०९८, बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) लाई व्यवस्थित, मर्यादित, जवाफदेही र उत्तरदायी बनाउन प्रचारप्रसारमा जोड दिइनेछ।
- विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य व्यवस्थापन समितिमा बाल सहभागिताको सुनिश्चितता गर्ने व्यवस्था मिलाइनेछ।
- बालकोष सञ्चालन कार्यविधि निर्माण गरि बालकोष सञ्चालनमा ल्याइनेछ।



लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- वालवालिकाको विकासका लागि बाल मैत्री अभियान संचालन मार्फत वाल मैत्री स्थानिय शासनका लागि आवश्यक सुचकहरु अवलम्बन गरिनेछ।
- बालबालीका शान्ती क्षेत्रलाइ मुर्त रुप दिन सबै बिद्यालयहरुमा आचार संहिता निर्माण गरि राजनैतिक कार्यक्रमहरुमा पुर्ण प्रतिबन्ध लगाउन आवश्यक पहल गरिनेछ।
- सहिद वेपत्ताका छोरा छोरीहरु वावाआमा गुमाएका टुहुरा वालवालिकाहरु संरक्षरण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने टिकाउने पढाउने र सिकाउने निति सँगै उनीहरुको पालन पोषणको उचित प्रवन्ध मिलाइने छ।
- विद्यालय तथा वडा स्तरमा बाल क्लवहरु गठन गरि बाल केन्द्रित गतिविधिका लागि तयार भएको कार्यविधिको पुर्ण रुपमा कार्यान्वयन गरिनेछ।

## बृद्ध/वृद्धा जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा

- नेपाल सरकारको नीति बमोजिम आगामी आ व २०८२/०८३ मा सामाजिक सुरक्षा भत्ताका लागि नया दर्ता तथा नविकरण गर्न राष्ट्रिय परिचयपत्र र बायोमेट्रिक भेरिफिकेशन अनिवार्य गरिएकामा बायोमेट्रिक गर्ने कार्य वडा कार्यालयहरूबाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई पारदर्शी, जवाफदेही र उत्तरदायी तथा सेवाग्राहीमुखी भएको सुनिश्चिता गरिनेछ।
- आगामि आ.व मा सामाजिक सुरक्षा भत्ता परिचयपत्र निविकरण गर्न लाभग्राहीहरुलाइ सहुलियत हुने गरि एक वडाको कम्तिमा दुई स्थानमा नविकरण शिविर संचालन गरिने छ।
- सामाजिक सुरक्षा भत्ताका बैंक खाताहरुका लागि मोबाइल बैङ्किक, ए.टि.एम जस्ता अन्य सुविधाहरु प्रदान गर्न सेवा प्रदायक बैंक तथा वित्तिय संस्थाहरु संग उचित पहल तथा समन्वय गरिने छ।
- आगामि आ.व २०८२/०८३ मा अशक्तहरुको हकमा सामाजिक सुरक्षा भत्ताको नयाँ दर्ताका लागि संरक्षक मार्फत निवेदन पेश गर्न सकिने व्यवस्था मिलाइनेछ।
- जेष्ठ नागरिकहरुले पाउदै आएको सामाजिक सुरक्षा भत्ता सेवा प्रदायक वैङ्क सगँको समन्वयमा सहज तरिकाले उपलब्ध गराउने व्यवस्था मिलाइने छ।
- बहिष्करणमा परेका वृद्ध वृद्धाको पुर्न स्थापना कार्यक्रम, हातहातमा समाजिक सुरक्षा भत्ता कार्यक्रम, स्वास्थ्य चेकजाँचका लागि आखा शिविर, स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

## अपाङ्गता

- अपांगता शिवीर संचालन गरी अपाङ्गता परिचयपत्र वितरणको व्यवस्था मिलाइनेछ।
- सार्वजनिक स्थान, कार्यालय र विद्यालयहरुमा अनिवार्य रुपमा अपांगता मैत्री संरचना निर्माण गरि यस्ता कार्यालयहरुको शौचालय तथा भौतिक संरचनाहरु अपाङ्ग मैत्री बनाउन जोड दिइनेछ।
- अपाङ्गता भएका व्यक्तिहरु प्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास, विभेद र हिसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- अपाङ्ग मैत्री भौतिक संरचना निर्माणमा जोड दिँदै अपाङ्गता भएका व्यक्तीहरुको क्षमता विकासका लागि विभिन्न सीप विकास कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ।



लक्ष्मी प्रसाद अवस्थी

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

- अपाङ्गता भएका ब्यक्तिहरुका लागि आवस्यक पर्ने सहायक सामाग्री सेतो छडी,बैशाखी, हवील चेयर जस्ता अपाङ्ग सहयोगी सामाग्री बितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई आयआर्जन तथा स्वरोजगारमुलक कार्यक्रम तिर प्रोत्साहित गरि आत्मनिर्भर तथा जीवन जीउन उत्प्रेरित गरिनेछ।
- अपाङ्गता भएका ब्यक्तीहरुलाई संगठित गर्न उनीहरुको वडा तथा गाउँपालिका स्तरिय संजाल गठन गरि उनीहरुकै अर्थपुर्ण सहभागितामा अपाङ्गता भएकाहरुको कार्यक्रम संचालन गर्न जोड दिईनेछ।

**विजुली बत्ती तथा उर्जा**

- साना तथा स्थानीय स्तरमा बिद्युत उत्पादन गर्ने लघु जलबिद्युत आयोजना चामा लघु जलबिद्युत चलकट्टे माईक्रो हाइड्रोको क्षमता बृद्धिमा जोड दिई मर्मत कार्य समेत गर्ने ब्यवस्था मिलाइनेछ।
- यस गाउँपालिका अन्तर्गत विभिन्न स्थानहरुमा विद्युतका पोल गाडिएका, तार तान्न बाँकी रहेका वस्तीहरुमा विद्युत सेवा पुर्याउन र सबै अलपत्र परेका विद्युत लाइनहरु को पुर्णताका लागि आवश्यक व्यवस्था मिलाउन विद्युत प्राधिकरण सँग समन्वय एवम सहकार्य गरिनेछ।
- पर्यटकीय महत्व बोकेका मठ मन्दिरहरुमा र सार्बजनिक स्थान तथा स्थानिय बजारहरुमा सौर्य सोलार बत्ति जडान तथा मर्मत कार्यलाई निरन्तरता दिइनेछ।
- यस पालिकालाई उज्यालो गाऊँ पालिका वनाउनका लागी बिद्युत सेवा नपुगेका बस्तीलाई प्राथमिकताका साथ अगाडी बढाउन पहल गरिनेछ।

**राहत उद्धार तथा आर्थिक सहायता**

- गाउँपालिकामा क्रियाशिल जनस्वास्थ्य समितिको सिफारिसमा उपलब्ध हुने सूचिकृत रोगहरूको उपचारमा विपन्न नागरिक औषधी उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका अध्यक्ष प्रकोप राहत उद्धार कोषलाई व्यवस्थित गरी प्राकृतिक तथा मानवीय बिपदबाट प्रभावित नागरीकहरुलाई उचित राहत दिने नीतिलाई निरन्तरता दिईनेछ।
- विपद व्यवस्थापन, विपद पुनस्थापना विपद प्रतिप्रतिकार्यकालागि क्षमता अभिवृद्धि गर्न विभिन्न विकास साझेदार संस्था संग समन्वय गरी कार्यक्रम संचालन गरिने छ।
- आमाबुबा दुवै गुमाएका नाबालक टुहुरा बालबालिका, असहाय महिला, तेस्रो लिङ्गि, निसन्तान एवम सन्तानवाट संरक्षण नपाएका नागरिकहरु एवम विभिन्न कारणले सामाजिक वञ्चितीकरणमा परेका नागरिकहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन उनिहरुलाई प्रदान गरिदै आएको मासिक वृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विपद जोखिमको पूर्वानुमान अनुगमन पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गर्न आवश्यक पूर्वाधार, जनशक्ति क्षमता र प्रविधिको विकास र सुदृढिकरण गर्न सरकारि, नीजि गैरसरकारि सघंसस्थाहरुसगँ सहकार्य गरिनेछ।
- गाउँपालिका तथा वडामा विपदजन्य सामाग्रीहरु अद्यावधिक अवस्थामा राख्ने व्यवस्था मिलाइनेछ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

## वन वातावरण तथा विपद व्यवस्थापन

- विपद पुर्व तयारी तथा प्रतिकार्य योजना पुर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।
- गाउँपालिका भित्र गठन भएका र क्रियासिल रहेका सामुदायिक वनहरूलाई विकास साझेदारको रुपमा मुल प्रवाहीकरणमा ल्याउन तिनिहरूका वनकार्ययोजना मुताविकका क्रियाकलापहरू सञ्चालन गर्न कडाईका साथ पालना गर्ने नीति अबलम्बन गरिनेछ।
- जलवायू परिवर्तनबाट ग्रामिण क्षेत्रमा पर्न सक्ने प्रभाव न्यूनिकरण गर्न गाउँपालिकाको सकृयतामा सरोकारवाला निकायहरु,गैसस तथा विकास साझेदार संघसंस्थाहरु संग समन्वय र सहकार्य गरि जलवायू परिवर्तन अनुकुलन कार्य योजना तयार गरी कार्यान्वयनमा ल्याईने छ।
- वातावरण मैत्री पुर्वाधार निर्माणमा जोड दिई वातावरण प्रदुषणलाई न्युनिकरण गरिनेछ।
- गाउँपालिका भित्रका खानेपानीका श्रोतहरुको संरक्षण,तथा व्यवस्थापनमा विशेष जोड दिंदै, मुहानहरुमा बृक्षारोपण गर्ने निति अवलम्बन गरिनेछ।
- पूर्वाधार विकाससम्बन्धी आयोजना-कार्यक्रम तर्जुमा गर्दा श्रममूलक तथा बातावरणमैत्री (IEE र EIA) प्रविधिको प्रयोग गर्ने गरी कार्यक्रम तर्जुमा गरिनेछ।
- बन डढेलो नियन्त्रणका लागी सामुदायिक बन उपभोक्ता समितीहरु संग सम्न्वय गर्दै डढेलो नियन्त्रणका उपाय तथा पुर्व तयारी जस्ता कार्यका लागि सम्बद्ध निकायसँगको सहकार्यमा सचेतीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछन।
- विपद व्यवस्थापनका लागी स्थानीय विपद व्यवस्थापन कार्य योजना निर्माण गरि लागु गरिनेछ।
- उर्जा को मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरता लाई कम गर्न वायोग्यास सौर्य उर्जा जस्ता प्रविधिहरु प्रयोगमा जोड दिईनेछ।
- सबै सामुदायीक निजि तथा कबुलियति बनहरूको अभिलेखीकरण गरि भुमि प्रशासन शाखा मार्फत सार्वजनिक वन क्षेत्र संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ।

## सूचना तथा संचार

- यस गाउँपालिका सहित गाउँपालिका भित्रका सवै सार्वजनिक संस्थाहरुमा हाई स्पिड सहितको फाइवर इन्टरनेट सेवा विस्तारको कार्य प्रारम्भ यसै वर्ष देखि गरिनेछ।
- हाम्रो पालिका डिजिटल पालिका अवधारणा अन्तरगत यस गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवनमा डिजिटल सूचना पाटी तयार गरि नागरिक वडापत्रको समुचित व्यवस्थापन गरिनेछ।
- सूचना सम्प्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचार कर्मीहरु संग सहकार्य गरिनेछ। निश्चित आधार तथा मापदण्ड निर्धारण गरी सञ्चार माध्यमहरुको वर्गीकरण तथा विशिष्टिकरण गरिने छ।
- स्थानीय रेडियो पत्रपत्रीका जस्ता संचार सामग्रीहरुको प्रयोग गरी गाउँपालिकाका सबै गतिविधीहरुको जानकारी संचार माध्यमहरुको अधिकत्तम उपयोग गर्ने निति अवलम्वन गरिनेछ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- चेकलेस प्रणाली EFT, सरकारी सम्पत्तीको लेखाङ्कन प्रणाली (PAMS), CMIS, HMIS, EMIS र online revenue लाइ प्रभावकारी रुपमा लागु गर्दै यसै वर्ष देखी मालमोत असुलीको कार्यलाई online मार्फत गर्ने व्यवस्था मिलाइनेछ।

## सुशासन, सेवा प्रवाह र जनशक्ति विकास

- भ्रष्टाचारमा शुन्य सहनशीलतालाई प्राथमिकताका साथ लिई सार्वजनिक खर्च व्यवस्थापनलाई नतिजामुखी बनाइनुका साथै वेरुजु शुन्य गाउँपालिका बनाउन हाल सम्मको वेरुजु अभिलेख खडा गरि सैद्धान्तिक, नियमित गर्नुपर्ने र असुल उपर गर्नुपर्ने वेरुजु उपर आवश्यक छलफल गरि वेरुजु घटाउन यथेष्ठ पहल गरिनेछ।
- गाउँपालिकाको पार्शचित्र, आवधिक योजना, मध्यमकालिन खर्च संरचना निर्माण भईसकेका सन्दर्भमा सामयिक अद्यावधिक गर्दै उक्त योजनाहरुले निर्दिष्ट गरेका कार्यक्रमहरुलाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ।
- सार्बजनिक प्रशासनमा न्युन जनशक्तीको अधिकतम प्रयोग गर्न व्यवस्थापकीय तालिम अन्तरगत कम्प्युटर तालीम,कार्यालय ब्यबस्थापन तालीम प्राविधिकहरुका लागि क्षमता विकास तालिम जस्ता तालिमहरुको आयोजना गरि कर्मचारीहरुलाई उच्च मनोवलका साथ काम गर्ने वातावरण सिर्जना गर्न चालु आ.व. मै आवश्यक व्यवस्था गरि कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास योजना अद्यावधिक सहित कार्यान्वयनमा ल्याइनेछ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाई वित्तीय सुशासन कायम गर्न चेकरहित विद्युतीय कोष हस्तान्तरणको अधिकतम् प्रयोग गरिनेछ।
- स्थानीय तहको स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणाली (lgpas) लाई प्रभावकारि रुपमा अवलम्बन गरिनेछ। उच्चतम नतिजा प्राप्त गर्न कमजोर क्षेत्रहरु पहिचान गरि समयमै सुधार गरिनेछ।
- अर्थतन्त्रमा देखा परेका चुनौतिलाई सामना गर्न नवदुर्गा गाउँपालिकामा पूजिगत खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिनेछ। अति आवश्यक वाहेक नयाँ सवारि साधन र कम्प्युटरजन्य उपकरणहरू खरिद गरिने छैन र इन्धन वचतका लागि उचित उपाय अबलम्बन गरिनेछ।
- सबै किसिमका खरिद प्रक्रियालाई व्यवस्थित बनाउन आ.व. २०८३/०८४ को श्रावण महिना देखी नै खरिद योजना तयारी गरि विद्युतिय वोलपत्र मार्फत खरिद गर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ।
- आन्तरिक राजश्व अभिवृद्धिका लागि करको दायरा विस्तार एव करका विद्धमान दरलाई समयसापेक्ष बनाइनेछ।
- नियमानुसारका कार्यालयबाट प्रदान गरिने सेवाहरुको स्वतः प्रकाशन कानूनतह समयमै सबैको जानकारीका लागि प्रकाशन गरिने व्यवस्था मिलाइनेछ।
- सुशासनको औजारको रुपमा रहेको सार्वजनिक सुनुवाईलाई वडा तहमै सञ्चालन गर्ने व्यवस्था मिलाई सेवा प्रवाह प्रति नागरिकका गुनासाहरू उपर कार्यान्वयन प्रतिवद्धता जिम्मेवार पदाधिकारी मार्फत जवाफदेहिता सुनिश्चित गरिनेछ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

**उपाध्यक्ष ज्यू, सभाका सदस्यज्यूहरु,**

उपर्युक्त नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने गरी संघ तथा प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, सम्पुरक अनुदान, विशेष अनुदान, राजश्व बाँडफाडबाट प्राप्त हुने रकम, आन्तरिक श्रोतको रकम लगायत अन्य जुनसुकै तवरबाट यस स्थानीय तहलाई प्राप्त हुने रकम गाउँबासीको अपेक्षा अनुरुप कार्यक्रम तथा बजेट सहित यसै गाउँसभाको बैठक समक्ष पेश गरिने व्यहोरा गाउँसभाका सदस्य ज्यूहरुमा जानकारी गराउन चाहन्छु ।

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रमले आम नवदुर्गा बासीको समस्या, माग र आवश्यकतालाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुर्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, सम्पुर्ण जनप्रतिनिहरुधिहरु, सरकारी निकाय, सहकारी क्षेत्र, सामाजिक संघ सस्था, विकास साझेदार, निजीक्षेत्र, समस्त सञ्चार जगत तथा नागरिक समाज, सल्लाहकार, राष्ट्रसेवक कर्मचारी र सम्पुर्ण नवदुर्गावासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

मिति : २०८३।०३।०८ गते